किशोर नेपाल । २०७० । *मेरो समय* । काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

किशोर नेपालले आफ्नो कृति *मेरो समय*मा नेपाली पत्रकारिता इतिहासलाई केलाउने प्रयास गरेका छन् । यो क्षेत्र भर्खरै बामे सर्ने तयारी हुँदाको बखतबाट अहिलेको अवस्थासम्म कसरी आइपुग्यो, कस्ता ठक्कर खानुपर्‍यो, त्यसका उम्दा र कमजोर पक्ष के थिए/छन् आदिबारे एक पाका पत्रकारको धारणा यस पुस्तकमार्फत व्यक्त भएको छ ।

पत्रकारिताको विकासक्रममा आफूलाई केन्द्रबिन्दुमा राखेर लेखकले नेपाली समाजका विभिन्न घटनाक्रमसँग पत्रकारिता पेशाको उल्लेख गरेका छन् । लेखक नेपाल आफै पनि नेपाली पत्रकारिता इतिहासका अभियन्ता हुन् । यस आत्मकथामा उल्लेख भएअनुसार उनी लगभग साढे चार दशकभन्दा अघिदेखि पत्रकारिता क्षेत्रमा सक्रिय भएर लागिरहेका छन् । त्यसैकारण, किशोरलाई नेपाली पत्रकारिता विकासक्रमको शुरूदेखि अहिलेसम्म आइपुग्दाका ज्यूँदा साक्षी मान्न सकिन्छ । तर, पुस्तकमा लेखकको आफ्नो अनुपस्थितिमा भएका कतिपय विषयहरू छुटेका छन् । लेखक त्यति बेला नेपाली कांग्रेससँग विचारधारात्मक रूपमा नजिक भएकाले वामपन्थी धारको राजनीति र पत्रकारिताको पक्षबारे मौन उभिएका छन् ।

पुस्तकका घटनाहरू ठ्याक्कै सिलसिलेवर तवरमा प्रस्तुत त गरिएका छैनन् यद्यपि, ती प्रस्तुति लेखकको बाल्यकालबाट शुरू भएर युवाकालको संघर्ष, माध्यमिक तह हुँदै वर्तमानमा आएर टुंगिएको छ । खाइलाग्दो आकारको किताबमा १६ ओटा विभिन्न शीर्षकका अध्याय छन् जसभित्र पत्रकारिताका सन्दर्भ मात्रै नभएर राजनीतिसम्बद्ध बयान पनि छन् । त्यसैले, यो विशुद्ध पत्रकारको जीवनकथासँगै उनले भोगेका राजनीतिक घटनाक्रमको समीक्षा र संगत गरेका राजनीतिक हस्तीसँगको उठबसको फेहरिस्त पनि हो । त्यसकारण, पत्रकारितामा रुचि राख्ने जोकोहीका लागि *मेरो समय* एउटा गतिलो खुराक हो । यो क्षेत्रमा बेस्सरी रुचि राख्नेलाई त्यति बेलाको पत्रकारिताको स्वादबारे बताउनुका साथै यो पुस्तक नेपाली पत्रकारिताको आधुनिक इतिहासका लागि एउटा स्रोत पनि हो । त्यति बेलाको जटिल राजनीतिक अवस्थामा पत्रकारिता किन चुनौतीपूर्ण थियो र ती चुनौती कसरी पार गरिन्थे भन्नेबारे रोचक कथाहरू पुस्तकमा छन् ।

पत्रकारिता पेशा सीधै राजनीतिसँग पनि सरोकार राख्ने भएकाले लेखक नेपाल जोडिएका राजनीतिक प्रसंगले पुस्तकको आकार ठूलै बनाएको हो । जीवनभर पत्रकारिता गरेका किशोरको यस पुस्तकमा राजनीति पनि अभिन्न अंग बन्नआएको छ । नेपालजस्ता पत्रकारले पत्रकारिताको मात्रै इतिवृत्तान्त केलाएको भए पुस्तक सानो आकारको तर अझ स्वादिलो हुने थियो । राजनीतिक खुराकले पुस्तकलाई थोरबहुत बेस्वादिलो पनि बनाएकै हो । राजनीतिलाई छुट्ट्याएरै राखिएको भए बेस हुन्थ्यो भन्ने दलिल पेश गर्न खोजेको त होइन तर नेपाली कांग्रेससँगको उनको आबद्धता र कृष्णप्रसाद भट्टराईसँगको सामीप्य, जेलभित्र भोग्नुपरेको झिनामसिना राजनीतिक गफगाफ तथा भोगाइ आदिजस्ता थुप्रै प्रसंग काँटछाँटचाहिँ हुनैपर्दथ्यो । यद्यपि, लेखकको भाषागत दक्षताले किताबलाई रुचिपूर्ण चाहिँ बनाएको छ ।

पत्रकारिता गर्दा लेखकका दुःखसुखको फेहरिस्तले अहिलेको समयमा पत्रकारितामा रमाइरहेकाहरूलाई अचम्मित चाहिँ पक्कै तुल्याउँछ । अहिलेका पत्रकार पनि गर्छन् संघर्ष, तर नेपालले उति बेला यस क्षेत्रमा स्थापित हुन गरेको संघर्षको पक्षचाहिँ बेग्लै दृश्य हो । संघर्षका कारणहरू थिए : थोरै सञ्चारमाध्यम, राजाको कडा शासन, आकर्षण कम, आम्दानी थोरै इत्यादि । अहिले ती अवस्थाहरू छैनन् । अहिले सञ्चारमाध्यम बग्रेल्ती छन्, शासन व्यवस्था पनि लोकतान्त्रिक छ, आकर्षण पनि गतिलै छ, मेहनेतीका लागि पत्रकारिता राम्रो आम्दानीको उपाय पनि सावित भइसकेको छ ।

किताबमा भनिएअनुसार उति बेला पत्रकारितामा अहिलेको जस्तो सुख थिएन । इमेल, इन्टरनेट, टेलिफोन थिएन । यातायात कष्टपूर्ण थियो । मुद्रण प्रविधि पनि अत्यन्तै झन्झटिलो थियो । रंगीन मुद्रण धेरै पछिमात्र शुरू भएको हो । एक प्रसंगमा लेखक उल्लेख गर्छन्, “त्यति बेलाको मुद्रण प्रविधि बडो उच्चाटलाग्दो थियो । सिसाका अक्षरहरू जोडेर ग्यालीमा समेट्नुपर्ने र त्यसैलाई पेजका रूपमा ढाल्नुपर्ने, तस्बिर छाप्नुपर्दा जिंकको पातामा तस्बिरको आकृति उतारेर ब्लक बनाउनुपर्ने, हातले मसिनमा कागजको ताउ ठेलेर अखबार छाप्नुपर्ने” (पृ. १५४) । यस्तो अप्ठेरो मुद्रण प्रविधिको व्याख्या घतलाग्दो तवरमा गरिएको छ । अझ, यति दुःख गरेर अखबार प्रकाशित गरिसकेपछि पनि बजार थिएन । सीमित मानिससमक्ष मात्र पत्रिका पुग्दथ्यो ।

पञ्चायत जस्तो क्रुर राजनीतिक व्यवस्थामा सूचना र समाचारका स्रोत बन्द थिए, त्यसैले, लेखक भन्छन्, “गाइँगुइँ र हल्ला नै समाचारका वास्तविक आधार बनेका थिए” (पृ. १७९) । अहिले जस्तो इन्टरनेट र हातहातमा मोबाइल फोनको सुविधा र पत्रिका छाप्ने अत्याधुनिक सुविधासहित पत्रकारिता गरिरहेकाहरूलाई नेपालले आफ्नो समयमा प्रयोग गरेको लिथोको प्रविधि, समाचार पठाउन गरिने हुलाक सेवा लगायतको प्रयोग,

यातायातको अभावले झेल्नुपरेका समस्या नौला लाग्छन् । पत्रिका प्रकाशन मात्रै होइन सञ्चालनको अवस्थाबारे पनि लेखकको टिप्पणी छ,

> साँच्चै दुःखद् अवस्था थियो पत्रिका सञ्चालनको बिक्रीको पैसाले कागज खरिदलाई बल्लतल्ल धान्दथ्यो । जिल्ला संवाददाताहरूलाई केही रकम दिइन्थ्यो । विभिन्न जात्रा र पर्वमा आउने विज्ञापनले केही भरथेग गर्दथ्यो । त्यसबाहेक हामी बेला बेलामा प्रायोजित पृष्ठहरू पनि निकाल्ने गर्दथ्यौँ । प्रेसका कर्मचारी र सम्पादकीयमा काम गर्ने साथीहरूको जसरी पनि गुजारा चल्दथ्यो । (पृ. ३३६)

*दिनमान*बाट पत्रकारिता औपचारिक रूपमा शुरू गरेका नेपाल आफै विभिन्न पत्रिका प्रकाशन गर्दै जान्छन् । कहिले प्रकाशन खर्च अभाव, कहिले राजनीतिक आबद्धताले पार्ने अप्ठेरो आदिले दर्जनभन्दा बढी पत्रिकाहरूमा संलग्न हुँदै छाड्दै गरिरहन्छन् । आफूले छाडेपछि केही पत्रिका नराम्ररी थलिएर बन्द भएका दृष्टान्त पनि दिएका छन् उनले । आफूले छाड्नुको कारण पछाडि आफ्नो गल्तीलाई देखाउन चाहँदैनन् लेखक । त्यो बेलाको व्यवस्था, पत्रिकाका साहुजीसँगको असमझदारी आदिलाई नै कारण बनाइएको छ । शक्तिकेन्द्रसँगको पहुँचका कारण आफूलाई पत्रकारिताको केन्द्रमै राखिरहन लेखक नेपाल मोहित देखिन्छन् ।

किशोरले पत्रकारिता शुरू गर्दाको समयमा यो पेशा पूर्ण व्यावसायिक भइसकेको थिएन । विभिन्न आन्दोलनहरूको अभिन्न अंगका रूपमा पत्रकारितालाई लिइन्थ्यो । जस्तै, शासनविरुद्ध संघर्ष गर्नका लागि संगठित हुने हतियारका रूपमा यसको उपयोग हुन्थ्यो । यसर्थमा, पत्रकारिता पेशा होइन आन्दोलन मात्रै थियो । पञ्चायत हुँदै २०४६ सालपछिको प्रजातान्त्रिक अभ्याससम्म यो पेशा व्यावसायिक हुन सकेन । केवल आन्दोलनकै फरकफरक हिस्सा बनिरह्यो । २०४६ सालमा प्रजातन्त्रको पुनरोदयपछि मात्रै यो क्षेत्र बिस्तारै मौलाउँदै गएको र व्यावसायिक रूप धारण गरेको हो । २०४६ सालका जस्ता प्रमुख प्रजातान्त्रिक आन्दोलनको मूलखम्बा पत्रकारिता नै हो भन्ने ठहर लेखकको छ ।

हरेकजसो राजनीतिक घटनाक्रमको केन्द्रमा आफूलाई राखेर प्रस्तुत गर्नु लेखकको आत्मश्लाघा हो । त्यस्ता प्रजातान्त्रिक आन्दोलनको मूलखम्बा पत्रकारिता मात्रै होइन । किनभने, प्रजातान्त्रिक आन्दोलनको छेकोमा राजनीतिक दलको सक्रियताले आममानिसलाई पनि धेरै सचेत बनाएको थियो । त्यसबाहेक, बाहिरी विश्व देखेभोगेर नेपाल आएका नेपालीहरूको चेतनाको स्तर पनि आन्दोलनको टेको बनेर उभिएका थिए । यी पक्षलाई पनि यथेष्ट उल्लेख गर्न लेखकको ध्यान नपुगेको अनुभव हुन्छ ।

पुस्तकको पहिलो अध्याय, "जिरो किलोमिटरको परिधि" मार्फत लेखकले विश्व परिदृश्यको भूमिका बाँध्न खोजेका छन् । जीवनमा पत्रकारितामा आफूले कसरी मज्जाले रुझेर काम गरे त्यसबारेको भूमिका, त्यस पेशाबाट पाएका सुखदुःख प्रतिको सन्तुष्टि,

पत्रकारितामा लाग्नुका विशेष कारण (घरको आर्थिक अवस्था, फरकफरक पेशामा लाग्दा सम्बन्धित व्यक्तिसँगको सरसंगत, अझ विशेष गरी एउटा पत्रिका पढ्दा पढ्दै राममनोहर लोहियालाई चिठी पठाएको प्रसंग आदि) सँगै तत्कालीन परिदृश्यको व्याख्या गरिएको छ। अझ भन्दा, पत्रकारिता पेशा रोज्ने जो कोही व्यक्तिका लागि "टिप्स" पनि यसै अध्यायमा दिइएको छ। लेखक भन्छन्, "यो पेशामा दायित्व हुन्छ, बन्धन हुँदैन। यो पेशा कुनै पनि व्यक्तिले स्वेच्छाले अपनाउने भएकाले कसैसँग गुनासो गर्ने ठाउँ रहँदैन। पत्रकारका लागि रिटायरमेन्टको अवधि पनि तोकिएको हुँदैन। शरीर र चेतनाले साथ दिउन्जेल पत्रकार सक्रिय रहनुपर्दछ" (पृ. १८)। यी सबै पक्षहरू पत्रकारिता गरिरहेकाहरूले वास्तविक रूपमै बुझेका हुन्छन्। यद्यपि, यी सुझाव कसैलाई आदर्शात्मक नलाग्ला भन्न सकिँदैन।

किताबको अन्तिम खण्डमा किशोर नेपाल उल्लेख गर्छन्, "मैले पूरै तीन दशक हाई-प्रोफाइल पत्रकारका रूपमा, कहिले खुम्चिँदै र अधिकांश समय फक्रिँदै बिताएको थिएँ। यो कालखण्डमा म घटनाहरूको, व्यक्तिहरूको, शासनको गतिविधिलाई भित्री तहमा घुसेर पत्रकारिता गर्ने आउटसाइडरको भूमिकामा रहेँ" (पृ. ४६९)। उनी आफैले आफैलाई एक "आउटसाइडर" अर्थात् बाहिरीया भन्न रुचाउँछन्, भित्री तहमा घुसेर पत्रकारिता गर्ने "आउटसाइडर"। उनको हिसाबमा नेपाली पत्रकारितालाई मिहिन ढंगले बुझेर समयअनुसार फरकफरक स्वादमा पत्रकारिता गर्ने उनी एक्ला जब्बर पत्रकार हुन्। उनीसँग प्रत्यक्ष संगत गरेका स्रोतबाट आएका विभिन्न चाखलाग्दा वर्णनको आधारमा नेपाललाई जब्बर पत्रकार भन्न यो पंक्तिकार सहमत छ।

पारिवारिक उहापोहबाट थिचिँदै-थिचिँदै नेपालको जीवन अगाडि बढ्छ। हजुरदिदीको स्नेह, आमाको प्रेम र पढालिखा पण्डित बाबुको छहारीमा किशोरको बाल्यकाल ओत लाग्छ। घरमा संस्कृतका पुस्तकहरूसँग बाबुको संगतका कारण उनमा किताबी रस पस्छ। बाबुको मृत्युपश्चात् आर्थिक बोझ र पढ्ने रुचिका कारण पनि "हकर" जीवन शुरू गरेका नेपालका लागि पत्रिकासँगको उठबस त्यहीँबाट शुरू हुन्छ। त्यति बेला निस्कने केही दैनिक, जस्तै, *स्वतन्त्र समाचार*, *हालखबर* आदि थिए। त्यस्तै, *नेपाल टाइम्स, मदरल्यान्ड, समीक्षा* पनि। यी पत्रिका त्यो बेलाका चर्चित त थिए तर खास बिक्रीचाहिँ हुँदैनथे। यी पत्रिकासँगको उठबस र त्यसका सम्पादक आदिजस्ता तत्कालीन केही व्यक्तिसँगको संगतले किशोर लेखाइतर्फ आकर्षित हुन्छन्। यही आकर्षण नै पत्रकारितामा जम्ने उनको उद्देश्य बनेको छनक किताबमा पाइन्छ।

राजनीतिक घटनाक्रम र त्यससँग सम्बन्धित व्यक्तिसँगको उठबसले उनी राजनीतिक गतिविधिसँग पनि सम्बन्धित हुन थाल्छन्। एसएलसी परीक्षा दिने तयारी गरिरहँदा लेखक "मानसिक विचलन" का कारण भैरहवा र त्यसपछि बुटवल आइपुग्छन्। बुटवलमा सडक विभागमा अस्थायी जागिर खाँदा उनी जीवराज आश्रितसँगको संगतमा आउँछन्

र राजनीतिको चस्को यहीँबाट पस्न थालेको देखिन्छ । यसबाहेक त्यही बेला विभिन्न साहित्यिक गोष्ठी र साहित्यकारहरूसँगको सरसंगत पनि बाक्लिँदै जान्छ ।

काठमाडौँ फर्किएपछि उनमा पत्रपत्रिकासँगको उठबसका कारण राजनीतिक चेत बिस्तारै खुल्दै जान्छ । त्यही क्रममा प्रदीप गिरिसँगको भेटघाटको क्रम शुरू हुन्छ । राममनोहर लोहियालाई पत्र लेख्ने हुटहुटी पढ्दा रमाइलो लाग्छ । यसै क्रममा, १४/१५ वर्षका किशोर पहिलोपटक जेल पर्छन् । गल्ती त उनको केही हुँदैन तर तत्कालीन सरकारले किशोरको राजनीतिक संलग्नतालाई शंका गरेर पक्रन्छ । जेलमा किशोर कान्छो राजबन्दीका रूपमा राखिन्छन् । जेल बस्दाको विवरण लम्बेतान छ । जेलभित्रको राजनीति, कैदी, राजबन्दीहरूसँग जेल प्रशासनको व्यवहार आदि प्रसंगहरू अहिलेको परिस्थितिसँग तुलना हुँदा रमाइला लाग्छन् । यस्तै जेलको प्रसंगबाट कांग्रेस राजनीतिसँग लेखकको चस्को पस्दै जान्छ । अनि, यिनै सन्दर्भबाट किताबमा पत्रकारिता मात्रै होइन लेखकसम्बन्धित राजनीतिक परिघटनाको व्याख्याको क्रम पुस्तकमा शुरू हुन थाल्छन् । छोट्याउन मिल्ने ती प्रसंगको लामो-लामो व्याख्या गरिएको छ । यस्ता प्रसंगले पाठकलाई लाग्छ, उसले पत्रकारको विशुद्ध कथा होइन एउटा राजनीतिक कार्यकर्ताको संघर्ष पढिरहेको छ ।

पारिवारिक चिनजानका मानिस भारतमा रहेकाले त्यता आउने-जाने किशोर-क्रम चलिरहन्छ । यही मेसोमा उनको भेट बीपी कोइरालासँग पनि हुन्छ । बीपीसँगको शुरूआती चिनजानले लेखक किशोरमा राजनीतिप्रति गहिरो आकर्षण बढ्दै जान्छ भने उता भारतका स्तरीय पत्रपत्रिकासँगको मिलापले चाहिँ राम्रो पत्रकार बन्ने धोको पनि बढ्दै जान्छ । यसैक्रममा *दिनमान* पत्रिकाको दिल्लीस्थित कार्यालय पुगेर त्यसका सम्पादकलाई भेट्दाको लेखकीय आँट रमाइलो छ । त्यसपछि, लेखक औपचारिक रूपमै पत्रकार बन्छन्, *दिनमान*को काठमाडौँ प्रतिनिधिका रूपमा ।

किताबको अर्को चाखलाग्दो प्रसंग भनेको उल्लिखित तत्कालीन समाजको वर्णन हो । लेखकको पत्रकारिताको संघर्ष-इतिहास बुझाउन यस्तो वर्णनले मद्दत गर्छ । काठमाडौँ समाजको वर्णन, प्रशासन र प्रशासकसँगको हेलमेल आदिले तत्कालीन काठमाडौँ र यहाँको रहनसहन प्रथा बुझाएको छ । सरकारी जागिरेहरूमा घूस प्रतिको डर पढ्दा रमाइलो लाग्छ, "घूस पनि अलिकति आफ्नो निष्ठा जोगाएर लिने गर्दथे मानिसहरू । धर्म र समाजको डर जीवित थियो" (पृ. ९९) । यी वर्णन पढ्दा लाग्छ, त्यति बेलाको समाजको मियो राजनीतिक व्यवस्था थियो । सामान्य मानिसहरूमा सो व्यवस्थाप्रति चासो थिएन, केही पढालिखाहरू मात्रै व्यवस्था परिवर्तनको पक्षमा लागिरहेका थिए । फेसनप्रति तत्कालीन समाजको सम्बन्धबारेका प्रसंग पनि समावेश गरिएका छन् । कमजोर आर्थिक अवस्थाका कारण लेखक नेपाल झुत्रेझाम्रे पहिरन लगाएर हिँड्ने गरेको कथन छ । तर, विभिन्न पत्रपत्रिकामा आबद्ध हुन थालेपछि र आफै पनि प्रकाशक सम्पादक भएपछि भने फेसनमा उनको लगाव बढ्दै गएको देखिन्छ ।

उनलाई बेलबटम पाइन्टले हिरिक्कै पार्न थाल्छ । स्ट्यानफोर्ड युनिभर्सिटीमा अध्ययन गर्न विदेशिएपछि चाहिँ यस्ता कुराप्रति किशोरको चाख ह्वात्तै बढ्न थालेको थाहा हुन्छ ।

भियतनाम युद्धले विरक्तिएका अमेरिकीहरू हिप्पी भएर संसार डुल्न थाल्छन् । नेपाल उनीहरूको खास रोजाइमा पर्छ । हिप्पीहरूको नेपाल प्रवेशका कारण यहाँ अपराध बढ्न थालेको तथ्य पुस्तकमा उल्लेख छ । झोँछेमा संगठित अपराधीहरूको सर्कल, देवी देवताका मूर्ति चोरी व्यापार फस्टाउन थालेको तथ्य उजागर गरिएको छ । नेपाली समाजमा अपराध मात्रै होइन हिप्पीहरूले आधुनिकता पनि भित्राइदिएका हुन् भन्ने ठहर लेखकको छ ।

किशोर नेपालकालीन पत्रकारिताको एउटा उल्लेख्य घटना भनेको *गोरखापत्र* दैनिक र *समाज*मा त्यसको रवाफको कथा पनि हो । त्यति बेला सरकारी स्वामित्वमा चल्ने दैनिक खबर पत्रिका *गोरखापत्र*को छुट्टै शान थियो । त्यसको बलियो आर्थिक स्रोत थियो, भरपर्दो वितरणप्रणाली थियो र समाचारको एकमात्र आधिकारिक स्रोत त यो छँदै थियो । विभिन्न साप्ताहिक पत्रपत्रिका हुँदै किशोर नेपाल *गोरखापत्र*मा प्रवेश गर्छन् । प्रवेशसँगै, लेखकको शब्दमा, उनले शुरू गरेको "गाउँघर" स्तम्भले चर्चा बटुल्छ । कुनै गाउँमा गएर त्यसको वास्तविक अवस्थाबारे जस्ताको तस्तै चित्रण गर्ने र मानिसहरूसँग कुराकानी गरेर लेखिने उक्त स्तम्भ रिपोर्टिङलाई पत्रकारिताको एक नमुना मान्न सकिने लेखकको जिकिर छ ।

यसै खण्डमा हरेक सरकार परिवर्तनसँगै *गोरखापत्र*को सम्पादक फेरिने प्रक्रियाले पत्रिकालाई स्थायी रूपमा बलियो बनाउनबाट कसरी रोक्छ भन्ने व्याख्या गरिएको छ । राजनीतिमा जमेर लागेका किशोर *गोरखापत्र*मा टिकिरहन सक्दैनन् । कृष्णप्रसाद भट्टराईको अनुरोधका कारण उनी पत्रिका छाड्छन् पनि ।

पुस्तक पढ्दा थाहा हुन्छ, लेखक उच्च तहका राजनीतिक व्यक्तिहरूसँगको सान्निध्यमा थिए । थुप्रैमध्ये कृष्णप्रसाद भट्टराई एक र अर्का शेरबहादुर देउवा हुन् । २०३६ सालतिर जनमतसंग्रहको घोषणा आदिका प्रसंगहरू, चतुर राजनीतिक खेलाडी सूर्यबहादुर थापा र राजा वीरेन्द्रको गठजोड र २०४६ सालपछिका राजनीतिक घटना लेखक नेपालले साक्षी बनेर भोग्न पाएका प्रसंगहरू पढ्दा अनुभव हुन्छ, उनी पत्रकारितासँगै राजनीतिक चेत भएका कुशल खेलाडी हुन् । जसको सत्तामा आउने जाने फरकफरक खेलाडीहरूसँग एक खालको द्वन्द्व भइरहन्छ । उनले गर्ने पत्रकारितामा यसले केही न केही प्रभाव छोडिरहेकै हुन्छ ।

पत्रकारिताको खोल ओढेर अन्य थुप्रै काम गर्नेहरूलाई किशोर नेपालले एउटा प्रहार गरेका छन्, "पत्रकारिता त सबैले गर्छन्, तर मैले पत्रकारिता मात्रै गरेँ" (पृ. ३५५) । हो पनि, हकर हुँदै रिपोर्टर, विभिन्न साप्ताहिक पत्रिकाका सञ्चालक, प्रकाशक, सम्पादक हुँदै रोयटर्स जस्तो विदेशी सञ्चारमाध्यमका लागि पनि काम गरेका किशोर नेपाली पत्रकारिताका शब्दकोशै हुन् ।

आत्मकथाको केन्द्रमा व्यक्ति त हुन्छ नै । आफ्नो आत्मकथामा पनि लेखक नेपाल केन्द्रबिन्दु नै भएर प्रस्तुत हुन्छन् । राजनीतिक घटनाहरूको केन्द्रबिन्दुमा उनले आफूलाई घुमाएर प्रस्तुत गरेका छन् । ती घटनाहरू २०६० सालको दशकको शुरूआती वर्षसम्मका मात्रै छन् । त्यस समयपछिका घटनामा पनि नेपाली पत्रकारिता र राजनीतिमा भुइँचालो आएका छन् । ती प्रसंगबारे लेखकले केही पनि बोलेका छैनन् । यसअर्थमा, नेपालको राजनीतिक र सामाजिक व्यवस्थाका उल्लेखनीय आयाम मानिने २०६३ सालपछिको घटनाक्रममा पत्रकारिताको अवस्थाबारे उल्लेख नगरिनु पुस्तकमा प्रमुख कुरा छुटाइनु हो । लेखकका "सेलेक्टिभ" घटनाहरूको संगालो यो पुस्तक त्यस मामिलामा कमजोर छ । उनको संघर्षताका पराजयका यथेष्ट पक्षबारे नबताइएकाले पाठकका लागि पुस्तक सन्तुलित खुराक बन्न भने सकेको छैन ।

**सिपी अर्याल**
स्वतन्त्र लेखक/समीक्षक